# जातीय समानताको प्रवर्धनमा
# विद्यमान र योजनाबद्ध उपायहरू

विधान परिषद ("LegCo") सचिवालय ("सचिवालय") ले विधान परिषद् आयोगको सुपरिवेक्षणमा LegCo लाई प्रशासनिक सहयोग र सेवाहरू प्रदान गर्छ । सचिवालयको उद्देश्य LegCo लाई दक्ष र व्यावसायिक सचिवालय प्रदान गर्नु, अनुसन्धान र प्रशासनिक सहयोग प्रदान गर्नु, LegCo का क्रियाकलापहरूको सामुदायिक बुझाई बढाउन र समाधानका लागि प्रभावकारी अवसर सुनिश्चित गर्नु हो ।

सचिवालयले LegCo व्यवसायमा ज्ञान र सहभागिताको बारेमा जुनसुकै जातीय पृष्ठभूमि भए तापनि, सबैजनाको समान पहुँच सुनिश्चित गर्न ठूलो महत्त्व राख्छ ।

सरोकारका सेवाहरू

- सार्वजनिक सरोकारका विषयहरूमा LegCo को समितिहरूले आयोजना गरेका बैठक वा सार्वजनिक सुनुवाईहरूमा विचार व्यक्त गर्न विभिन्न जातिका प्रतिनिधिहरू र जनताका सदस्यहरूलाई सहजीकरण गर्न ।
- विभिन्न जातिहरूका प्रतिनिधिहरू र सदस्यहरूले LegCo Redress System अन्तर्गत सेवाहरूमा पहुँच सहजीकरण गर्न
- विभिन्न जातिहरूका मानिसहरूलाई LegCo को कार्य प्रवर्धन गर्न

विद्यमान उपायहरू[1]

- अंग्रेजी वा चिनियाँ (उपयुक्त अनुसार) बाट/मा आठवटा अन्य भाषाहरू (जस्तै : बहसा इन्डोनेसिया, हिन्दी, नेपाली, पंजाबी, उर्दू, तागालोग, थाई र भियतनामी) मा / बाट मौखिक अनुवाद / अनुवादका सेवाहरू निम्नको अनुरोधमा प्रदान गरिएको छ :
  - LegCo समितिको बैठक वा सार्वजनिक सुनुवाईमा उपस्थित हुने विभिन्न जातिका प्रतिनिधिहरू र सदस्यहरू, वा समितिहरूलाई लिखित पेशीहरू प्रदान गर्ने; र
  - LegCo Redress System को मातहतमा निर्धारित बैठकहरूमा भाग लिने विभिन्न जातिहरूका उजुरीकर्ताहरू ।
- LegCo कम्प्लेक्सका आगन्तुकहरूको सोधपुछलाई बुझ्न र जवाफ दिनको लागि जातीय अल्पसंख्यक बासिन्दाहरूको सद्भाव र संवर्धन केन्द्रको माध्यमबाट आवश्यक भएमा अंग्रेजी र माथि उल्लेखित आठवटा भाषा बोल्नेहरूको लागि नि: शुल्क तीन-तर्फी टेलिफोन मौखिक अनुवाद सेवाहरू प्रदान गर्ने व्यवस्था गरिएको छ ।

[1] विशेष परिस्थितिहरूमा, जस्तै COVID-19 महामारीको प्रकोप, सचिवालयले उपयुक्त रूपमा केही उपायहरू समायोजन गर्न सक्छ।

| | |
|---|---|
| | - विभिन्न जातीय समूहहरूसँग सम्बन्धित मुद्दाहरूलाई राम्रोसँग बुझ्नको लागि जातीय समावेशीकरण सम्बन्धी लाइब्रेरी सामग्री LegCo पुस्तकालयमा LegCo सदस्यहरू, सचिवालयका कर्मचारीहरू र अन्य लाइब्रेरी प्रयोगकर्ताहरूलाई उपलब्ध गराइन्छ।<br>- जातीय संवेदनशीलता र सांस्कृतिक विविधता सम्बन्धी प्रशिक्षणलाई सचिवालयको नियमित कर्मचारी तालिम कार्यक्रमहरूमा समावेश गरिएको छ र विभिन्न जातिका मानिसहरूको संस्कृति, विशेष आवश्यकता र सरोकारहरूप्रति उनीहरूको चेतना र संवेदनशीलता बढाउनको लागि हो।<br>- सबै काउन्सिल बैठक र LegCo समितिको खुला बैठकहरूको लागि अंग्रेजी, क्यान्टोनिज र पुटोंगहुवामा समानान्तर मौखिक अनुवादको व्यवस्था गरिएको छ । LegCo कम्प्लेक्सको सार्वजनिक ग्यालरीमा वा LegCo वेबसाइटमा वेबकास्टहरू मार्फत यी बैठकहरूको कार्यवाही अवलोकन गर्न सर्वसाधारणहरूलाई स्वागत छ ।<br>- सचिवालयद्वारा उत्पादित सबै जानकारी पुस्तिका र LegCo वेबसाइटमा सबै महत्वपूर्ण सूचनाहरू चिनियाँ र अंग्रेजी दुबैमा उपलब्ध छन् । |
| लिनुपर्ने थप उपायहरू | - सचिवालयले बनाएका छनौट गरिएका सूचना र जानकारी पुस्तिकाहरू बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, पंजाबी, उर्दू, टागलाग, थाई र भियतनामीमा अनुवाद गरिनेछ । |
| भविष्यको कामको मूल्यांकन | - सचिवालयले सर्वसाधारण, LegCo का सदस्यहरू र सचिवालयका कर्मचारीहरूको पृष्ठपोषण र सुझावहरूलाई मनन् गरेर, यसको सेवाहरूलाई अभिवृद्धि गर्नको लागि, यसको सेवाहरू र तालिमलाई बेला-बेलामा मूल्यांकन गर्नेछ । |

## सोधपुछ / उजूरी

सर्वसाधारणहरूले समानता प्रवर्द्धन गर्नको लागि सचिवालयले अवलम्बन गरेका उपायहरु सम्बन्धी छानबीन / सुझावको लागि LegCo सचिवालयको वरिष्ठ परिषद सचिव (प्रशासन) 2 लाई टेलि. नं. 3919 3077 मा सम्पर्क गर्न सक्नेछन् वा इमेल (adm@legco.gov.hk) गर्न सक्नेछन् ।

**विधान परिषद सचिवालय**
**अप्रिल 2022**